आज मिति २०८१ साल कार्तिक महिना ४ गते बिहानको ११:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को ११ औं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | [signature] |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | [signature] |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | [signature] |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | [signature] |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | [signature] |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | [signature] |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | [signature] |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | [signature] |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | [signature] |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | [signature] |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | चन्द्रकला |
| १३ | श्री विष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | [signature] |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | [signature] |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | निर्मला |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | [signature] |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | [signature] |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | [signature] |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | [signature] |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर आठौं | बे.न.पा. | | [signature] |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौं | बे.न.पा. | ९८६५६५८५८१ | [signature] |
| २३ | श्री सुनिल दाहाल | " | " | | [signature] |
| २४ | श्री रण. ब. बुढाथोकी | कम्प्युटर अ. | " | | [signature] |
| २५ | श्री उपेन्द्र ब. थापा | अ.स.ई. | " | | |
| २६ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्ष: २०८१/८२

नगर कार्यपालिका बैठक संख्या: ११

मिति २०८१/०७/०४ गते बिहानको ११:०० बजे

प्रस्तावहरू

१. IEE प्रतिवेदन छलफल तथा पारित गर्ने र जि.स.स. मा सिफारिसको लागि पेश गर्ने सम्बन्धमा।

२. सडक वोर्ड कार्यक्रम योजना छनौट सम्बन्धमा ।

३. किरात साकेला पार्कको प्रगति समीक्षा सम्बन्धमा ।

४. विपद्का समयमा मर्मतका योजनाहरू अनुमोदन वार्ड नं. १ देखि ९ सम्म ।

५. सार्वजनिक सुनुवाईको मिति तथा स्थान तय गर्ने सम्बन्धमा ।

६. उपभोक्ता समिति गठन र अनुशिक्षण कार्यक्रम सञ्चालन सम्बन्धमा ।

७. कार्यविधि निर्माण सम्बन्धमा ।

(क) IEE स्वीकृत गर्ने सम्बन्धी कार्यविधि ।

(ख) ढुङ्गा गिट्टी बालुवा लगायत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि ।

(ग) नगर प्रमुख जनसरोकार, नगर उपप्रमुख पृष्ठपोषण कार्यक्रम र वडा अध्यक्ष विकास कोष

८. Rafting Training अनुमति, स्थान तोक्ने र शुल्कको लागि राजस्व परामर्श समितिमा पेश गर्ने सम्बन्धमा ।

९. छात्रा आत्मरक्षा तालिम सञ्चालन सम्बन्धमा ।

१०. फोहोर व्यवस्थापनका लागि सुरक्षण सामग्री र मेसिनरी सामग्री व्यवस्थापन सम्बन्धमा ।

११. विविध ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरपालिकाका विभिन्न नदी तथा खोलाहरूमा रहेको नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्रि वितरण लगायतका सम्पूर्ण व्यवस्थापन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) निर्माण गरी प्राप्त भएको अन्तिम प्रतिवेदन यस बैठकमा छलफल तथा समीक्षा गरियो । साथै IEE सम्बन्धी परामर्शदाताबाट प्राप्त प्रतिवेदन, सोसम्बन्धी प्राविधिक समितिको निर्णय, नगरपालिकाको वातावरण तथा विपद व्यस्थापन समितिको निर्णय र नगरपालिकाका प्राविधिक कर्मचारीहरूले पेश गरेको फिल्ड निरीक्षण प्रतिवेदनका आधारमा आगामी समयमा जिल्ला समन्वय समितिको निर्देशन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमको अनुमति तथा निर्देशन र नदीजन्य पदार्थ सम्बन्धी संघीय तथा प्रदेश कानून संशोधन भई आएमा सोहि बमोजिम प्रतिवेदनमा उल्लिखित नदीजन्य पदार्थको परिमाण, अनुपात र Co-Ordinate पुनरावलोकन हुने गरी देहाय बमोजिम प्याकेजमा प्राप्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अन्तिम प्रतिवेदन यस बैठकद्वारा अनुमोदन गरियो ।

तपशील:

१. भालवन्ती खोला र धारा खोला – वडा नं. १ र २
२. गिँदिरी खोला – वडा नं. ३, ४ र ५
३. मैनी खोला, सेती खोला र कटारी खोला – वडा नं. ५, ८ र ४
४. शिसुवा खोला – वडा नं. ४ र ६
५. त्रियुगा खोला – वडा नं. १ र २
६. यसोदा खोला – वडा नं. ९ र ३
७. मूर्ति खोला, कोठु खोला, कोसोपा खोला, सेती खोला र जोगिनी खोला (वन क्षेत्रभित्र रहेको र ठेक्का लगाउन नमिल्ने गरी)

**निर्णय नं. २** प्रस्ताव नं. २ देखि अन्य प्रस्तावहरूमाथि छलफल हुने गरी भोलि मिति २०८१/०७/०५ गते विहानको ७:०० बजेदेखि यो बैठकलाई निरन्तरता दिने गरी कार्यपालिका अध्यक्षको आदेश बमोजिम यो बैठकलाई स्थगित गरियो ।

आशोक कार्की
नगर प्रमुख

आज मिति २०८१ साल कार्तिक महिना ५ गते सोमबारको दिन बिहानको ७:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को ११औं बैठकको निरन्तरता दोस्रोदिन नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर आठौं | बे.न.पा. | | |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौ | बे.न.पा. | ९८६५६५८५८९ | |
| २३ | श्री सुनिल दाहाल | अ.स्तर छैटौ | बे.न.पा. | | |
| २४ | श्री रण बहादुर कार्की | क.अ. | | | |
| २५ | श्री | | | | |

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा सडक बोर्ड, नेपालको च.न. ४४०, मिति २०८१/०६/१३ को पत्रानुसार सडक बोर्ड अन्तर्गत चालु आर्थिक वर्षमा बेलका नगरपालिकाका लागि स्वीकृत गरी पठाइएको रकम रु ४२,००,०००।– र नियमानुसार नगरपालिकाले व्यहोर्नुपर्ने समपुरक कोष १८,००,०००।– गरी जम्मा रु ६०,००,०००।– (अक्षरेपी रु साठी लाख मात्र) बजेटबाट सडक मर्मत प्रयोजनार्थ यस नगरपालिकाका तपशील बमोजिमका सडक मर्मत गर्न भनी योजना छनौट गरी पेश गर्ने निर्णय गरियो ।

तपशीलः

१. बालुवाटार – बेल्टार जाने सडक मर्मत – वडा नं. १
२. पश्चिम टोल पुरन्दह – त्रियुगा नदी सडक मर्मत – वडा नं. १
३. तिर्थ आदर्श टोलदेखि आस्था टोलसम्म सडक मर्मत – वडा नं. १
४. बेलहा पिपल चौकदेखि वडा कार्यालय हुँदै बानडाँडा सम्मको सडक स्तरोन्नति – वडा नं. २
५. ख्याछा दाङ्वा मायुङटार सडक मर्मत र मायुङ खोलामा कल्भर्ट निर्माण – वडा नं. ७

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिका -६ मा प्रस्तावित किरात साकेला पार्क निर्माण प्रयोजनार्थ वनसँग सम्बन्धित विषयमा डिभिजन वन कार्यालयसँग समन्वय तथा सहजीकरण गर्न वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री वसन्त कुमार मगरलाई जिम्मेवारी दिइएकोमा पुनः स्मरण गराउँदै नजिकिदै गरेको चाडपर्व र सार्वजनिक बिदाभन्दा पहिले नै समन्वय गरी निकास निकाल्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०८१ असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण बेलका नगरपालिका क्षेत्रभित्रका मूल तथा सहायक सडकमा क्षति पुगेको र गृह मन्त्रालयको मिति २०८१/०६/१८ गतेको कार्यकारी समितिको बैठकले बेलका नगरपालिकालाई विपद संकटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस गरी अति आवश्यक क्षतिग्रस्त सडक मर्मत गर्न विपदजन्य कार्य हो भनी वडास्तरीय तथा नगरस्तरीय विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएका सडक मर्मत सम्बन्धी कार्यमा सडकहरूको उपभोक्ताको शुन्य लागत तथा श्रम सहभागितामा नगर तथा अन्य भाडाका जेसिभीहरू प्रयोग गरी गरिएका सडक मर्मत सम्बन्धी तपशील बमोजिमका कार्यहरू यस बैठकद्वारा अनुमोदन गरियो । साथै उक्त सडक मर्मत सम्बन्धी कार्यको नियमानुसार भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशीलः

| क्र.सं. | सडक मर्मत/योजनाको नाम | वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | कोठुफेरी बागदाखा मैनामैनी चुवार हतुवागढी जोड्ने | ७ | ७३६००.०० | नगरपालिकाको व्याक हो |

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १. | कोठुफेरी बागदाखा मैनामैनी चुवार हतुवागढी जोड्ने सडक र सोमबारे मायुडटार आम्चोक जोड्ने सडक | ७ | ७३६००.०० | नगरपालिकाको व्याक हो लोडर प्रयोग गरिएको |
| २. | धाराखोलाको सडकमा भरौट भर्ने काम, खाल्डा पुर्ने र सडक मर्मत | २ | १८९९००.०० | नगरको व्याकहो लोडर र ट्याकटर प्रयोग भएको |
| ३. | मेसिन प्रयोग गरी मूर्ति खोलामा बाढी नियन्त्रण | ६ | ११५००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| ४. | कटारी खोला बाढी नियन्त्रण तथा मर्मत कार्यहरू गर्ने | ४ | २०३५२.५२ | निजी मेसिन प्रयोग भएको |
| ५. | यसोदा खोला कटान नियन्त्रण | ९ | ३४५००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| ६. | वडा नं. ३ का सडकहरूको मर्मत सम्भार योजना | ३ | ८५९००.०० | नगरको व्याकहो लोटर प्रयोग भएको |
| ७. | गिंदिरी खोला कटान नियन्त्रण | ५ | ५६३५.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| ८. | गिंदिरी खोला तटबन्ध योजना | ३ | १३८००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| ९. | कन्तेचौरी भाटेपुल सडक मर्मत (जोगिनी खोला) योजना | ३ | १३८००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १०. | शान्ति चौक जोगिनी कुलो संरक्षण (विपद) योजना | ३ | २२८००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| ११. | खारखोला कटान नियन्त्रण पुष्पान्जली टोल | ९ | ४६००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १२. | गिंदिरी खोला छेउको बाटो मर्मत कार्य | ५ | १३८००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १३. | मेसिन प्रयोग गरी पारिखेत कुलोको मुहान मर्मत गर्ने कार्य | ४ | ११५००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १४. | खुरुरिया खोला कटान नियन्त्रण | १ | १८४००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १५. | लालखहरे खोला तटबन्ध योजना | ३ | ११५००.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १६. | जगनाखोला तटबन्ध योजना | ३ | १४४९०.०० | नगरको व्याकहो लोडर प्रयोग भएको |
| १७. | नागबेली खोल्सीमा माटो Backfill योजना | ३ | ७६००.०० | नगरको व्याकहो लोडर र ट्याकटर प्रयोग भएको |
| १८. | विपद व्यवस्थापन सडक मर्मत | ६ | १००००० | अमानतबाट कार्यसम्पन्न |
| १९. | खारखोला पहिरो नियन्त्रण | ५ | २०००० | निजि मेसिन प्रयोग भएको |

अशोक कार्की
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २०. | छोटे पानाराङ माझटोल सडक | ८ | ६००००.०० | अमानतबाट कार्यसम्पन्न |
| २१. | ३ नं. वडामा सञ्चालित सडकहरूको मर्मत सम्भार योजना | ३ | १७६६१०.९३ | निजी मेसिन, ट्याकटर र नगरपालिकाको ट्याकटर प्रयोग भएको |

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/०७/२८ गते नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो । साथै सोको शाखागत तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाका वडास्तरीय योजना सञ्चालन प्रयोजनार्थ प्रत्येक वडाले मंसिर महिनाको पहिलो हप्ताभित्रमा उपभोक्ता समिति गठन गरि सक्ने र मंसिर महिनाको दोस्रो हप्ताको पहिलो दिनदेखि उपभोक्ता समितिलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा सम्बन्धित वडामै गई योजना सम्झौता समेत गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति गठन भइसकेका योजनाहरूको हकमा वडा कार्यालयको समन्वयमा तत्काल अनुशिक्षण तथा योजना सम्झौता कार्य सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकामा तत्काल आवश्यक कार्यविधिहरू निर्माण तथा संशोधन गर्न तपशील बमोजिमका अवधिभित्र मस्यौदा निर्माण गरी नगर कार्यपालिका समक्ष पेश गर्न नगरपालकाको विधायन समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(क) IEE स्वीकृत गर्ने सम्बन्धी कार्यविधि -३० दिनभित्र
(ख) ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि – ३० दिनभित्र
(ग) नगर प्रमुख जनसरोकार, नगर उपप्रमुख पृष्ठपोषण र वडा अध्यक्ष विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि – १५ दिनभित्र

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा ग्रिन होराइजन मल्टिपर्पोज प्रा.लि. ले बेलका नगरपालिका -८ स्थित कोशी किनारमा ऱ्याफ्टिङ तथा पौडी तालिम सञ्चालन गर्न अनुमति दिन तथा जग्गाको व्यवस्था गरिपाउँ भनी निवेदन पेश गरेको हुँदा सो अनुमतिको प्रक्रिया अगाडि बढाउन प्रदेश सरकारसँग समन्वय गर्ने र सोको राजस्व संकलनका लागि राजस्व परामर्श समितिको बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिकाको चालु आर्थिक वर्षका लागि विनियोजित बजेट छात्रा आत्मरक्षा कार्यक्रम सञ्चालनका लागि नगरस्तरीय खेलकुद विकास समितिलाई प्रस्तावना पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा बेलका नगरपालिकाभित्रका रामपुर बजार, लालबजार तथा अन्य बजार क्षेत्रमा फोहोर व्यवस्थापन प्रयोजनार्थ नगरपालिकाको स्वामित्वमा रहेको ट्र्याकटरको डाला ठूलो बनाई प्रयोग गर्ने तथा सो ट्राकटरका सवारी चालक तथा सह चालकलाई फोहोर उठाउने प्रयोजनका लागि ग्लोभ्स, गम बुट लगायतका सुरक्षण सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख